पोखरा विश्वविद्यालय
# विज्ञान तथा प्रविधि संकाय
## डीनको कार्यालय
पोखरा-३०, कास्की

पत्र संख्याः
चलानी नं.:

मिति: २०८०।०२।१७

**पोखरा विश्वविद्यालय विज्ञान तथा प्रविधि संकाय अन्तर्गत स्नातकोत्तर तह छात्रवृत्ति तथा पुर्ण शुल्किय छनौट प्रवेश परीक्षा २०२३ मा सहभागि उम्मेदवारहरुको दाबि बिरोध पश्चातको बरियता क्रम (Merit List) प्रकाशित गरिएको सूचना ।**

पोखरा विश्वविद्यालय विज्ञान तथा प्रविधि संकायको मिति २०८०।०२।०६ गते लिइएको केन्द्रिय प्रबेश परीक्षामा सहभागि उम्मेदवारहरुको छात्रवृत्ति तथा पूर्ण शुल्किय तर्फको दाबि बिरोध पश्चातको बरियता क्रम (Merit List ) प्रकाशित गरिएको ब्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ। यो नतिजा पोखरा विश्वविद्यालयको वेबसाईटः https://pu.edu.np/ तथा https://scholarship.pu.edu.np/ मा हेर्न सकिने छ ।

ME Computer/ MSc Information System Engineering/ MSc Computer Science; MSc Transportation Engineering and Management; MSc Natural Resources Management / MSc Interdisciplinary Water Resources Management / MSc Environmental Management र MSc Construction Management कार्यक्रममा पुर्ण शुल्कीय तर्फ Merit List मा रहेका विद्यार्थीहरुले भर्नाका लागि सम्वन्धित कलेजमा सम्पर्क राख्नु हुन जानकारी गराइन्छ । साथै सम्वन्धित स्कुल/कलेज तथा महाविद्यालयहरुले पुर्ण शुल्किय तर्फ Merit List मा रहेका विद्यार्थीहरुलाई सार्वजनिक सूचना गरी मिति २०८०।०२।२६ गते सम्ममा सम्वन्धित कार्यक्रममा Merit List मा भएको Rank का आधारमा भर्ना गर्न हुन समेत यसै सूचनाद्धारा जानकारी गराइन्छ ।

छात्रबृत्ति तर्फ School Sector-Public Merit List मा रहेका विद्यार्थीहरुले मात्र Das Board मा रहेको Apply अनुसुचिमा गएर कार्यक्रम र कलेज छान्न तपसिल बमोजिम गर्न हुन समेत सुचित गरिन्छ ।

१. MSc Construction Management कार्यक्रमा छात्रवृत्ति तर्फ Merit List मा रहेका उम्मेदवारहरुले मात्र Das Board मा रहेको Apply अनुसुचिमा प्राथमिकताको आधारमा आफुँले पढ्न चाहेका बढीमा ३ वटा कलेज मिति २०८०।०२।२१ गते कार्यालय समय भित्र छान्ने कार्य गर्नहुन सुचित गरिन्छ। साथै, उक्त अनुसुचि फारम तोकिएको समय सिमा भित्र नभरेमा विश्वविद्यालय नियमानुसार हुने व्यहोरा समेत सुचित गरिन्छ।

२. ME Computer/ MSc Information System Engineering/ MSc Computer Science; र MSc Natural Resources Management / MSc Interdisciplinary Water Resources Management / MSc Environmental Management कार्यक्रमा छात्रवृत्ति तर्फ Merit List मा रहेका उम्मेदवारहरुले मात्र Das Board मा रहेको Apply अनुसुचि फाराममा प्राथमिकताको आधारमा आफुँले पढ्न चाहेका बढीमा ३ कार्यक्रम र कलेज मिति २०८०।०२।२१ गते कार्यालय समय भित्र छान्ने कार्य गर्नहुन सुचित

पोखरा विश्वविद्यालय
विज्ञान तथा प्रविधि संकाय
डीनको कार्यालय
पोखरा-३०, कास्की

पत्र संख्याः
चलानी नं.:

गरिन्छ। साथै, उक्त अनुसुचि फारम तोकिएको समय सिमा भित्र नभरेमा विश्वविद्यालय नियमानुसार हुने व्यहोरा समेत सुचित गरिन्छ।

३. MSc Transportation Engineering and Management कार्यक्रमा छात्रवृत्ति तर्फ Merit List मा रहेका उम्मेदवारहरुले मात्र Das Board मा रहेको Apply अनुसुचिमा आफुँले पढ्न चाहेको कलेज मिति २०८०।०२।२१ गते कार्यालय समय भित्र छान्ने कार्य गर्नहुन सुचित गरिन्छ। साथै, उक्त अनुसुचि फारम तोकिएको समय सिमा भित्र नभरेमा विश्वविद्यालय नियमानुसार हुने व्यहोरा समेत सुचित गरिन्छ।

प्रा. राजेश कुमार ठगुराठी
डीन, एवं संयोजक,
स्नातकोत्तर तह छात्रवृत्ति तथा पुर्ण शुल्किय प्रवेश परीक्षा छनौट समिति २०२३